# समुदायमा आधारित वन सहजकर्ता सञ्जाल, नेपाल

Community-based Forestry Supporters' Network, Nepal

COFSUN, Nepal

# विधान २०६१

## (पहिलो संशोधन, २०६५/६६ समेत)

# *समुदायमा आधारित वन सहजकर्ता* सञ्जाल, नेपाल
# विधान –२०६१

**जिल्ला प्रशासन कार्यालयवाट स्विकृत मितिः२०६१/१२/१७**

**पहिलो संशोधन स्विकृत मितिः२०६६/०३/१४**

**प्रस्तावना**

प्राकृतिक श्रोत मध्येको महत्वपूर्ण वन्य श्रोतको संरक्षण, संबर्द्धन र सदुपयोगमा शुरुदेखि नै आम नागरिक तथा नेपाल सरकारबाट कुनै न कुनै रुपमा व्यवस्थापन गर्दै आएको भए पनि प्रजातन्त्रको पुनःर्स्थापना पश्चात मात्र स्थानीय स्तरमा जनसहभागिताको माध्यमबाट सामुदायिक वन विकास कार्यक्रम मार्फत वनको संरक्षण, संर्बद्धन र सदुपयोगमा अपार लहर पैदा भएको पाइन्छ । सामुदायिक वनको अवधारणा विकास र उचित व्यवस्थापनको प्रबर्धन गर्न विभिन्न सहयोगीहरुको महत्वपूर्ण भूमिका रहि आएको छ ।

वन श्रोत उपयोगमा स्थानिय वन उपभोक्ताहरुको नैसर्गिक अधिकार भएको मान्यतालाई मध्यनजर राख्दै जनसहभागीताद्धारा सामुदायिक वन विकास कार्यक्रमलाई अगाडि बढाउन र यसको दिगो व्यवस्थापनको लागि यस अवधिमा विभिन्न सरोकारवाला सरकारी तथा गैर सरकारी निकायहरुले सामुदायिक वनका सहयोगीहरु तयार गरि परिचालन गरिरहेका छन् । विभिन्न समयमा आयोजना हुने भेला तथा छलफलहरुले सामुदायिक वनका सहयोगीहरुसँग विभिन्न ज्ञान, सीप र अनुभवहरु रहेका र ती अनुभवहरु आदान प्रदान गर्दै अगाडि बढ्नको लागि एउटा सञ्जालको आवश्यकता भएको कुरा महशुस हुदै आएको थियो । यसै क्रममा सामुदायिक वनका सहयोगीहरुको विभिन्न समयमा भएका परामर्श बैठकहरुले पनि सहयोगीहरुको साझा मञ्चको आवश्यकता महशुस गरेकोले २०६० माघ २५ गते (8 February, 2004) काठमाडौंमा सामुदायिक वनका सहयोगीहरुको राष्ट्रिय स्तरको अन्तरक्रिया भेलामा यस सञ्जालको स्थापना भएको हो ।

वर्तमान अवस्थामा सामुदायिक वन तथा समुदायमा आधारित वन विकास कार्यक्रममा विभिन्न समस्या तथा चुनौतीहरु देखा परेका छन् । यस्ता समस्या तथा चुनौतीहरुलाई औंल्याइ समाधान गर्नको लागि विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुले आ-आफ्नो तरिकाले पहल गर्दै आइरहेका छन् । तर यी निकायहरु एवं यसमा कार्यरत मानविय श्रोत साधनको उचित समन्वयको अभावमा सामुदायिक वन विकास कार्यक्रमको तिब्रतामा कमी भएको महशुस गरिएको छ । यस्ता समस्या तथा चुनौतीहरुलाई विद्यमान मानविय श्रोत साधनको उचित एवं समन्वयात्मक तरिकाबाट परिचालन गरी रचनात्मक रुपमा समाधान गरी *समुदायमा आधारित* वन विकास कार्यक्रमको दिगोपनलाई कायम राख्दै वन श्रोत व्यवस्थापनमा आत्मनिर्भरताको लागि लाभांशको न्यायोचित वितरणमा सहयोग गर्न यस सञ्जालको गठन गरी यस सञ्जाललाई सुचारु- रुपले सञ्चालन गर्न यो विधान तर्जुमा गरिएको छ ।

# परिच्छेद - १
# प्रारम्भिक

१. <u>संस्थाको नाम</u> : विधान अन्तरगत गठित संस्थाको नाम नेपालीमा "*समुदायमा आधारित वन सहजकर्ता* सञ्जाल, नेपाल" र अंग्रेजीमा **Community-*based* Forestry Supporters' Network, Nepal** संक्षिप्त नाम **COFSUN,** Nepal रहने छ ।

२. <u>संस्थाको कार्यालय</u> : यस सञ्जालको केन्द्रिय कार्यालय काठमाडौं उपत्यका भित्र रहने छ । केन्द्रिय कार्यालय काठमाडौं उपत्यकामा भएता पनि सम्वन्धित स्थानिय अधिकारीको स्वीकृती लिई यसका शाखा तथा इकाई कार्यालयहरु खोल्न सकिनेछ ।

३. <u>प्रारम्भ</u> **:** यो विधान जिल्ला प्रशासन कार्यालयबाट स्विकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

४. <u>कार्यक्षेत्र</u> : *समुदायमा आधारित* वन विकास *अभियान* लागु भएका र हुने क्षेत्रहरु यस सञ्जालको कार्यक्षेत्र हुनेछ ।

५. <u>आवद्धता</u> : यो संस्था समाज कल्याण परिषद् र कानूनी मान्यता प्राप्त अन्य निकायहरुसँग आवद्ध हुन सक्नेछ ।

६. <u>प्रचलित कानून बमोजिम हुने</u> **:** यो विधानमा भएको व्यवस्था संस्था दर्ता ऐन २०३४ र प्रचलित नेपालको कानूनको अधिनस्त हुनेछ ।

७. संस्थाको अस्तित्व : यो सस्था एक अविछिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, मुनाफा रहित, गैरराजनीतिक तथा गैर सरकारी सामाजिक संस्था हुनेछ ।

८. <u>संस्था व्यक्ति सरह हुने</u> : यो संस्था व्यक्ति सरह हुनेछ । यस्ले कसै उपर नालिस, उजुर गर्न सक्नेछ र यस उपर पनि नालिस उजुर लाग्न सक्नेछ ।

९. <u>परिभाषा</u> : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :

(क) 'संस्था वा सञ्जाल ' भन्नाले सामुदायिक वन सहयोगी सञ्जाल नेपाललाई जनाउनेछ ।
(ख) 'समिति' भन्नाले यस विधान अनुसार गठन हुने कार्य समितिलाई जनाउँछ ।
(ग) 'विधान' भन्नाले यस सञ्जालको विधान भन्ने सम्झनुपर्दछ ।
(घ) 'पदाधिकारी' भन्नाले सञ्जालको कार्यकारीणी समितिका पदाधिकारीहरुलाई जनाउँछ ।
(ङ) 'साधारण सदस्य' भन्नाले यस विधान अनुसार सदस्यता प्रदान गरिएका सदस्यहरुलाई जनाउँछ ।
(च) 'स्थानीय अधिकारी' भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउँछ ।
(छ) ................................................
(ज) 'महाधिवेशन' भन्नाले सञ्जालको मताधिकार प्राप्त सदस्यहरुको नियमित तथा विशेष महाधिवेशन जनाउँछ ।
(झ) 'नियम, विनियम' भन्नाले यस विधान अन्तरगत वन्ने नियम, विनियमलाई जनाउँछ ।
(ञ) 'समझदारी-पत्र' भन्नाले विधानको अधिनमा रहि यस सञ्जाललाई सुचारुरुपले सञ्चालन गर्नको लागि आन्तरिक रुपमा तयार गरिएको समझदारी-पत्रलाई जनाउँछ ।
(ट) 'तोके बमोजिम वा तोकिए बमोजिम' भन्नाले यस विधानले दिएको अधिकार प्रयोग गरि बनाईएको नीयमावली वा केन्द्रीय कार्य समितिले तोके बमोजिम जनाउँछ ।
(ठ) 'ऐन' भन्नाले संस्था दर्ता ऐन, २०३४ लाई जनाउनेछ ।

१०. <u>संस्थाको छाप र चिन्ह</u> : प्रचलित व्यवस्थाको प्रतिकुल नहुने गरि संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुनेछ । जस्को नमुना अनुसूची बमोजिम रहेको छ ।

## परिच्छेद - २
## लक्ष्य, उद्देश्य र कार्यप्रणाली

११. <u>लक्ष्य</u> : *समुदायमा आधारित श्रोतको एकिकृत एवं समुचित व्यवस्थापनमा सहयोग गर्न सक्ने मानविय श्रोतको सुसंगठित भण्डारको रुपमा स्थापित भई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा मान्यता प्राप्त अन्तरनिर्भर संस्थाको रुपमा विकास गर्दै वन श्रोत माथि समुदायको सार्वभौम अधिकार प्राप्तीका लागि सहजिकरण गर्ने ।*

१२. <u>उद्देश्य</u> : लक्ष्य परिपूर्ति गर्न यस सञ्जालको निम्नानुसारका उद्देश्यहरु रहेका छन् :

(क) समुदायमा आधारित वनका सहयोगीहरुको हक हित र अधिकार तथा अनुभव आदान प्रदान गर्ने चौतारीको रुपमा विकास गर्ने ।

(ख) सामुदायिक वनका उपभोक्ताहरुमा रहेका परम्परागत ज्ञान सीपको पहिचान गरी प्रबर्द्धन गर्ने ।

(ग) सामुदायिक वन विकास प्रक्रियामा संलग्न सहयोगी ब्यक्ति, संस्था र निकायहरुको अनुभव आदान प्रदान गरी सहयोगीहरुको क्षमता अभिवृद्धि गर्ने ।

(घ) कार्यगत संरचना तयार गर्दै सञ्जालको कार्यान्वयन प्रक्रियालाई निरन्तरता दिने ।

(ङ) श्रोतमाथिको स्थानीय समुदायको अधिकार स्थापित गराउदै एकिकृत श्रोत व्यवस्थापनमा सहयोग पुऱ्याउने ।

(च) खास वन उपभोक्ताहरु जस्तै भुमिहिन किसान, दाउरेहरु, गोल बनाउनेहरु, जडिबुटी तथा कन्दमुलमा आश्रित व्यक्तिहरु र यस्तै प्रकृतिका अन्य समुदायका व्यक्तिहरुको आफ्नो श्रोतमाथि निर्णायक पहुँच कायम गराउँदै गरिबी न्यूनीकरणमा पहल गर्ने ।

(छ) सामुदायिक वनमा देखा पर्ने सवाल उपर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा वकालत गर्ने ।

(ज) सामुदायिक वनका सरोकारवाला निकायहरु बीच समन्वय गरी छलफल, अध्ययन, अनुसन्धान गर्दै सामुदायिक वन विकास कार्यक्रमलाई सही मार्गमा डोऱ्याउन सम्बन्धित निकायहरुलाई सुझाव दिने तथा ध्यानाकर्षण गराउने ।

(झ) सामुदायिक वन तथा समुदायमा आधारित उपभोक्ता समूहहरुको विद्यमान संगठनहरुलाई दिगो रुपमा संचालन गर्न सहयोग गर्ने ।

(ञ) समूहहरुको आवश्यकता र चाहना अनुसार अन्तर समूह स्तरीय सहकारी मार्फत उद्यम विकासमा टेवा पुर्याउने ।

(ट) सामुदायिक वनसंग सम्बन्धित विभिन्न ऐन, नियम, सूचना, जानकारी तथा सवालहरुको बारेमा स्पष्ट रुपमा सामुदायिक वन उपभोक्ता समूहलाई जानकारी गराई आवश्यक सहयोग गर्ने

(ठ) सामुदायिक वनका सन्दर्भमा प्रचलित आधारभूत विशेषताहरुलाई मध्यनजर राख्दैं समूह संचालनमा सहयोग गर्ने ।

(ड) विभिन्न सरोकारवाला निकायहरुको एक आपसमा संस्थागत सम्वन्ध कायम गरी सामुदायिक वनको हितमा कार्यक्रम संचालन पहल गर्ने ।

(ढ) लक्षितासमुदायमा सामुदायिक वन विकास कार्यक्रम प्रभावकारी एंव गुणस्तरीय बनाउनको लागि समूह सदस्यको क्षमता अभिवृद्धि गराउन सहयोग गर्ने ।

(ण) सामुदायिक वन उपभोक्ता समूह प्रक्रियागत रुपमा गठन गरी विधान, कार्ययोजना तयारी एंव परिमार्जन कार्यमा सहयोग गर्न सक्ने दक्ष जनशक्तिको विकास गर्दै परिचालन गर्ने ।

*(त) समुदायमा आधारित वन व्यवस्थापन प्रणालीमा सहजिकरण गर्ने ।*

१३. **<u>कार्य प्रणाली</u>** : यस सञ्जालका कार्य प्रणालीहरु निम्न अनुसार रहेका छन् :

(१) सामुदायिक वन उपभोक्ता समूह र राष्ट्रिय स्तरका सरकारी निकायहरुका बीचमा आवश्यक सम्पर्क, समन्वय र सम्बन्ध कायम गराउने,

(२) उपभोक्ता समूहमा भएको अगाध सीप र क्षमताको सदुपयोग गराउनको लागि वन उद्यम र व्यवसायीहरुसँग भएको प्रविधि हस्तान्तरण गराउन पहल गर्ने,

(३) समूहहरुलाई स्थानीय स्तरमा भएका सरकारी निकाय, स्थानीय निकाय, परियोजना र गैरसरकारी संस्थाहरुका बीचमा सम्बन्ध र सम्पर्क गराई यस्ता पक्षहरुबाट प्राप्त हुन सक्ने अवसरहरुको सदुपयोग गर्न सक्षम बनाउने,

(४) सामुदायिक वनका समसामयिक सवालहरुको बारेमा अध्ययन, अनुसन्धान, छलफल आदी गरी समाधानको लागि समूह मार्फत वा आफै सम्बन्धित निकायमा प्रस्तुत गर्ने,

(५) समूहहरुको क्षमता अभिबृद्धिको लागि आवश्यक कार्यक्रम अनुसारका तालिम, गोष्ठी, सेमिनार, अध्ययन भ्रमण, प्रचार प्रसार, बजारमा पहुँच र नीति निर्माणमा प्रभाव आदी कार्य गर्न गराउन आवश्यक कार्य गर्ने । साथै कार्यहरुको प्रभावकारीता र निरन्तरताको लागि अनुगमन तथा मूल्याङ्कन गर्न सहयोग गर्ने ।

(६) प्रचार प्रसार सामाग्री र पत्र पत्रिका प्रकाशन गर्ने ।

(७) अधिकारको लागि पैरवी गर्ने । यस संस्थाले नेपाल सरकारको विधमान वन नीति वन ऐन वन नियमावली एवं नेपाल सरकारबाट सम्वन्धी विषयमा समय समय भए गरेका निर्देशनको अधिनमा रही काम गर्नेछ ।

## परिच्छेद – ३

## सदस्यता सम्बन्धी व्यवस्था

१४. **सदस्यको योग्यता** : यस सञ्जालको लक्ष्य, उद्देश्य र मूल्य मान्यतालाई आत्मसात गर्ने निम्न योग्यता पुगेका सामुदायिक वनका सहयोगी व्यक्ती………… मात्र यो संजालको सदस्य वन्न सक्नेछन् :

(क) १८ वर्ष उमेर पुगेका नेपाली नागरिक,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतवाट दोषी प्रमाणित नभएको,

(ग) मानसिक सन्तुलन नगुमाएको,

(घ) संस्थाको रकम हिनामिना गरी कारवाहीमा नपरेको,

(ङ) कुनै कानूनले अयोग्य नभएको ।

(च) निम्न किसिमका ब्यक्तिहरु :

(१) *समुदायमा आधारित* वनको विधान, कार्ययोजना वनाउन सहयोग गरेको वा *समुदायमा आधारित* वनको प्रक्रियाको बारेमा तालिम लिई *वा अध्ययन गरि* गरेको वा *समुदायमा आधारित* वन विकास कार्यक्रमलाई उल्लेखनीय सहयोग पुऱ्याईरहेको व्यक्ति,

(२) *सामुदायिक वन सहजकर्ता सिप परिक्षणको प्रमाण पत्र प्राप्त गरेको व्यक्ति*

(३) ……………………….

१५. **सदस्यको अयोग्यता** : निम्न अवस्थाको ब्यक्ति सदस्य हुन अयोग्य मानिने छ :

(क) १६ वर्ष उमेर नपुगेको,

(ख) गैर नेपाली नागरिक,

(ग) मानसिक सन्तुलन नभएको, गुमाएको,

(घ) कुनै पनि संघ संस्था वा निकायको रकम हिनामिना गरेको,

(ङ) नैतिक पतन देखिने अभियोगमा अदालतद्धारा दोषी प्रमाणित भएको,

(च) यसै विधानको १४.च बमोजिमको योग्यता नपुगेको ।

१६ **सदस्यताको प्रकार** : यस सञ्जालमा देहाय बमोजिमका सदस्यहरु रहनेछन् :

**(क)*सदस्य*** : दफा १४ को योग्यता पुगेका व्यक्ति, संस्था वा निकायहरुले विधिपूर्वकको निवेदनका साथ तोकेको शुल्क बुझाउने व्यक्ति तथा संस्थालाई साधरणतयाः १ बर्षको लागि यस सञ्जालको साधारण सदस्यता दिन सक्नेछ र हरेक आर्थिक बर्ष श्रावण मसान्त भित्र तोकिएको शुल्क तिरेर सदस्यता नविकरण गर्नुपर्नेछ ।

**(ख)** ***आजिवन सदस्यः*** *सञ्जालले निर्धारण गरेको सदस्य शुल्क वुझाई सञ्जालमा आवेदन दिएमा सञ्जालले आजिवन सदस्य प्रदान गर्न सक्नेछ । यस्ता सदस्यले वार्षिक रुपमा सदस्यता नविकरण गरिरहनु पर्दैन ।*

**नोट** : *समुदायमा आधारित वनका सहजकर्ता*हरुले यस सञ्जालको सदस्यता लिन चाहेमा कार्यसमितिले तोकेको ढाँचामा निवेदन गरि दुई जना साधरण सदस्यको सिफारिस सहित प्राप्त भए पछि कार्यसमितिले निर्णय गरि सदस्यता शुल्क लिई सदस्यता प्रदान गर्न सक्नेछ । सो को विवरण महाधिवेशनवाट अनुमोदन गराउनु पर्नेछ ।

१७. **सदस्यताको समाप्ती** : निम्न अवस्थामा यस सञ्जालको सदस्यता रहने छैन ।

(क) सञ्जालको विधान र मूल्यमान्यता विपरित काम गरेमा ।

(ख) राजिनामा दिएमा ।

(ग) *लगातार ३ वर्ष* सदस्यता नविकरण नगराएमा ।

(घ) नेपाली नागरिकता त्याग गरेमा ।

(ङ) मानसिक सन्तुलन गुमाएको प्रमाणित भएमा ।

(च) मृत्यू भएमा ।

उल्लेखित अवस्थावाट सदस्यता समाप्ती गर्नु पर्ने भएमा कार्य समिति वा अनुगमन समितिको सिफारिस वा राय अनुसार महाधिवेशनको निर्णय अनुसार सदस्यता समाप्ती गरिनेछ । तर स्पष्टिकरण दिन सक्ने अवस्था भएमा सो मौकावाट कसैलाई पनि वन्चित गरिने छैन ।

## परिच्छेद - ४

## महाधिवेशन, वार्षिक सभा, कार्यसमिति र अन्य समिति सम्वन्धी व्यवस्था

१८. **महाधिवेशन** : अधिवेशन सञ्जालको सर्वोच्च निकाय हुनेछ । यस सञ्जालको महाधिवेशन देहाय बमोजिम दुई प्रकारको हुनेछ :

(क) नियमित महाधिवेशन

(ख) विशेष महाधिवेशन

१९. **महाधिवेशनको गठन** : नियमित महाधिवेशन प्रत्येक ४ वर्षमा एक पटक बस्नेछ । कार्यसमितिले निम्न प्रक्रिया अनुसार महाधिवेशन बोलाउने छ :

(क)सदस्यता नविकरण गरेका सम्पूर्ण सदस्यहरु महाधिवेशन प्रतिनिधि हुनेछन् । यस सञ्जालमा ५०० भन्दा वढि सदस्य संख्या भएमा कार्यसमितिले महाधिवेशनका प्रतिनिधि संख्या निर्धारण एवं छनौट र सो सम्बन्धी अन्य आवश्यक कार्यको लागि विनियम वनाई सोही विनीयमको आधारमा प्रतिनिधिमूलक महाधिवेशन गराउन सक्नेछ । यस्तो विनियमलाई महाधिवेशनवाट अनुमोदन गराई वा अनुमोदन गराउने गरी कार्यान्वयन गरिनेछ ।

तर प्रथम महाधिवेशनको निमित्त तीन वटा क्षेत्रिय स्तरका भेलाहरुवाट २०/२० जना र एउटा केन्द्रिय स्तरको भेलावाट १५ जना गरी जम्मा ७५ जना प्रतिनिधिहरु मात्र महाधिवेशन प्रतिनिधिको रुपमा रहनेछन् ।

(ख) महाधिवेशन हुने स्थान, मिति र समयको निर्धारण गरी छलफलका विषय सहित कार्यसमितिले सो को जानकारी महाधिवेशन प्रतिनिधिको रुपमा रहने सम्पूर्ण सदस्यहरुलाई महाधिवेशन हुने मिति भन्दा ४५ दिन अगाडि नै पठाइसक्नु पर्ने छ ।

२०. **विशेष महाधिवेशन** : कार्य समितिले कुनै अत्यन्त महत्वपूर्ण नीतिगत विषयमा तत्काल निर्णय गर्न विशेष महाधिवेशन बोलाउनु पर्ने आवश्यकता ठानी कार्य समितिले निर्णय गरेमा वा महाधिवेशन प्रतिनिधिको रुपमा रहेका साधारण सदस्यहरुमध्ये कम्तीमा ३३ प्रतिशत सदस्यहरुले स्पष्ट आधार सहितको कारण खुलाई विशेष महाधिवेशन वोलाउनको लागि लिखिति माग गरेमा कार्यसमितिले सो माग गरेको मितिले २ महिना भित्र विशेष महाधिवेशन बोलाउनु पर्नेछ । विशेष महाधिवेशन वोलाउनुको कारण सहित सम्पूर्ण प्रतिनिधिहरुलाई सो महाधिवेशन हुनुभन्दा कम्तीमा ३० दिन अगाडि सूचना पठाई सक्नु पर्नेछ । महाधिवेशन सम्पन्न भएको एक वर्ष नपुग्दै वा महाधिवेशन आयोजना गर्नको लागि एक वर्ष भन्दा कम अवधी बाँकी रहेको अवस्थामा भने विशेष महाधिवेशन बोलाईने छैन ।

२१. **महाधिवेशनको काम, कर्तव्य र अधिकार** : महाधिवेशनका काम, कर्तब्य र अधिकारहरु निम्नानुसार हुनेछन् :

(क) महाधिवेशनमा उपस्थित सञ्जालका सदस्यहरु मध्येबाट अध्यक्ष-१, उपाध्यक्ष-१, महासचिव-१, उपमहासचिव-१, कोषाध्यक्ष-१ र सदस्यहरु-१२ जना गरी १७ सदस्यीय समावेशी कार्य समितिको चयन गर्ने ।

(ख) सञ्जाल सञ्चालनको लागि आगामि ४ वर्षको निम्ती आवश्यक नीति नियम तर्जुमा गर्ने ।

(ग) आवश्यक भएमा विधान संशोधन गर्ने ।

२२. **महाधिवेशनको गणपुरक संख्या** : महाधिवेशनको लागि कुल सदस्यहरु संख्या मध्ये वा विनियममा उल्लेख गरे अनुसार ५१ प्रतिशत प्रतिनिधि उपस्थित रहेमा गणपुरक संख्या मानिनेछ ।

२३. ............................

२४. ..........................

२५. .............................

२६. **कार्यसमितिको गठन र कार्यविधि** :

(क) महाधिवेशनद्वारा निर्वाचित अध्यक्ष-१, उपाध्यक्ष-१, महासचिव-१, उपमहासचिव-१, कोषाध्यक्ष-१ र १२ जना सदस्य गरी १७ जना तथा मनोनित ४ जना समेतको कार्यसमिति हुनेछ । साधारण सदस्यमा रहेको महिलाहरुको अनुपातमा नै कार्यसमितिमा महिलाको प्रतिनिधित्व गराउनु पर्नेछ । कार्यसमितिमा महिलाको प्रतिनिधित्व कम्तिमा पनि ४ जना हुनु पर्नेछ ।

(ख) साधारण सदस्य रहेको अनुपातमा कार्यसमितिमा दलित तथा जनजातीहरुको पनि प्रतिनिधित्व भएको हुनु पर्नेछ ।

(ग) कार्यसमितिको कार्यकाल ४ वर्षको हुनेछ ।

(घ) लिखित राजिनामा दिएमा वा साधारण सदस्यको रुपमा नरहेमा वा मृत्यु भएमा वा लिखित सूचना नदिई कार्यसमितिको बैठकमा लगातार ३ पटक सम्म अनुपस्थित भएमा कार्यसमिति सदस्यको पद स्वतः समाप्त हुनेछ र सोको लिखित जानकारी कार्यसमितिले महाधिवेशनमा दिनु पर्नेछ ।

(ङ) कार्यसमिति सदस्यहरुको पदावधि समाप्त हुनु अघि कुनै पदाधिकारी सदस्यको स्थान रिक्त हुन आएमा पदाधिकारीहरुको हकमा कार्यसमितिका सदस्यहरु मध्येबाट र सदस्यहरुको हकमा साधरण सदस्यहरु मध्येबाट कार्यसमितिले बाँकी अवधी सम्मको लागि मनोनित गर्न सक्नेछ ।

(च) कार्यसमितिको बैठक वर्षको कम्तिमा २ पटक सम्म बस्नेछ ।

(छ) कार्यसमितिको बैठकमा गणपुरक संख्या ६० प्रतिशतलाई मानिनेछ । गणपुरक संख्या नपुगी दोस्रो पटक बोलाईएको बैकठमा ५१ प्रतिशत र तेस्रो पटक जतिसुकै उपस्थित भएता पनि बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(ज) कार्य समितिले कुनै पनि विषयमा निर्णय गर्दा आमसहमतिको प्रक्रिया अवलम्वन गर्नेछ । तर कुनै विषयमा निर्णय गर्दा आमसहमती कायम हुन नसकेमा उपस्थित पदाधिकारी तथा सदस्य संख्याको ७५ प्रतिशतले गरेका निर्णय मान्य हुनेछ ।

२७. **अनुगमन समिति** : (१) सञ्जालको कार्यक्रमलाई पारदर्शिता एवं प्रभावकारीताका साथ सञ्चालन गर्नको लागि आवश्यक सल्लाह सुझाव दिन र आवश्यक परेमा दवाव सृजना गर्नको लागि एक अनुगमन समितिको गठन गरिने छ, जसमा निम्न व्यक्तिहरु रहने छन् :

(क) निवर्तमान अध्यक्ष वा अध्यक्ष नभएमा उपाध्यक्ष वा उपाध्यक्ष पनि नभएमा महासचिव, महासचिव पनि नभएमा उपमहासचिव उपमहासचिव पनि नभएमा कोषाध्यक्ष, कोषाध्यक्ष पनि नभए निवर्तमान समितिको सदस्य जना-१ र

(ख) महाधिवेशनको निर्णय अनुसार साधारण सदस्यहरु मध्येबाट-४ जना ।

(२) कार्य समितिमा रहने व्यक्ति अनुगमन समितीमा रहन पाउने छैन ।

(३) अनुगमन समितिको पदावधी ४ वर्षको हुनेछ ।

(४) अनुगमन समितिको कुनै सदस्य पद रिक्त हुन गएमा कार्यसमितिको निर्णय अनुसार पदपुर्ती गरिनेछ ।

## परिच्छेद-५

## काम, कर्तव्य र अधिकार

२८. **कार्यसमितिको काम, कर्तव्य र अधिकार** : कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ :

(क) महाधिवेशन तथा वार्षिक सभाको निर्णयहरु कार्यान्वयन गर्ने गराउने र यस विधान बमोजिम महाधिवेशन बोलाउने ।

(ख) सदस्यहरुलाई कार्यसमितिले गरेको निर्णयको जानकारी दिने ।

(ग) वार्षिक कार्यक्रम, प्रगति प्रतिवेदन र बजेट महाधिवेशन समक्ष पेश गर्ने ।

(घ) सञ्जालको कामलाई छिटो छरितो र व्यवस्थित वनाउनको लागि बढीमा ७ जना सम्मको एक स्थायी समिति बनाई काम, कर्तव्य र अधिकार तोकिदिने । स्थायी समितिले विशेष गरी दैनिक कार्यालय सञ्चालन गर्ने, कर्मचारी भर्ना गर्ने, नियमावलीहरु बनाउने, आवश्यकता अनुसार कुनै निकाय वा व्यक्तिलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ । यस स्थायी समितिले आफ्ना सबै निर्णयहरु कार्यसमितिको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

(ङ) अर्न्तराष्ट्रिय सम्मेलन, गोष्ठी, बैठक वा विभिन्न कार्यक्रमहरुमा प्रतिनिधि वा प्रतिनिधि मण्डललाई निर्धारित नीति बमोजिम पठाउने वा निम्त्याउने ।

(च) आवश्यकता अनुसार सञ्जालको कार्यक्रमहरु विभिन्न क्षेत्र र जिल्लामा सञ्चालन गर्नका लागि कार्यालयहरु स्थापना गर्ने ।

(छ) सञ्जालको उद्देश्य प्राप्त गर्नका लागि आवश्यक अन्य कामहरु गर्ने गराउने ।

(ज) अनुगमन समिति लगायत अन्य उपसमितिलाई आवश्यक पर्ने सहयोग उपलब्ध गराउने ।

(झ) अनुगमन समितिले गरेका निर्णय कार्यान्वयनको लागि सहयोग गर्ने गराउने ।

(ञ) सरोकारवाला निकायहरुसँग समन्वय गर्ने ।

(ट) समुदायमा आधारित वनको अभियानमा देखा परेका कुनै पनि सवालमा समुदायको पक्षमा लागी वकालत गर्ने ।

(ठ) अनुगमन समितिले सञ्जालको हित विपरित काम कारवाही गरेमा कार्यसमितिको दुई तिहाईको निर्णयबाट सो समितिबाट निलम्वन गर्ने र निर्णयार्थ वार्षिक सभा वा महाधिवेशनमा पेश गर्ने ।

(ढ) सञ्जाललाई राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार गरी पहिचान गराउने ।

*(ड) लेखापरिक्षक नियूक्ती गर्ने र पारिश्रमिक तोक्ने ।*

२९. **अनुगमन समितिको काम, कर्तव्य र अधिकार** : अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :

(क) कार्यसमितिको दैनिक क्रियाकलापको अनुगमन गर्ने,

(ख) कार्यसमितिको सदस्य तथा पदाधिकारीहरुको क्रियाकलापको मूल्यांकन गरी दण्ड तथा पुरस्कारको व्यवस्थाको लागि कार्यसमिति वा महाधिवेशन समक्ष शिफारिस गर्ने ।

(ग) सञ्जालको उद्धेश्य वा हित विपरित कार्य गर्ने सदस्य तथा पदाधिकारीलाई काम कारबाहीबाट निलम्वन गर्न आवश्यक भएमा प्रमाण सहित कार्य समितिलाई सुझाव दिने र सो कुरा महाधिवेशनमा पेश गर्ने ।

३०. **पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार** : पदाधिकारी तथा सदस्यहरुको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

**अध्यक्ष**

(क) महाधिवेशन र कार्यसमितिको बैठक बोलाउन लगाउने तथा बैठकको अध्यक्षता गर्ने ।

(ख) सञ्जालको कार्य सञ्चालन सम्बन्धी प्रमुख उत्तरदायित्व वहन गर्ने ।

(ग) बैंक खाता संचालन गर्ने ।

(घ) कुनै व्यक्ति संघ संस्था वा निकायमा सञ्जालको प्रतिनिधित्व गर्ने ।

(ङ) वैठकमा सहजिकरण गर्ने ।

(च) महाधिवेशनले तोकिदिएका काम गर्ने र गराउने ।

**उपाध्यक्ष**

(क) अध्यक्षको अनुपस्थितमा अध्यक्षले गर्ने सम्पूर्ण कार्य गर्ने ।

(ख) सञ्जालको हितको लागि कुनै व्यक्ति, संस्था, निकाय वा सरकारसंग सर्म्पक, समन्वय गर्ने ।

(ग) कार्यसमितिले तोकेको काम गर्ने र गराउन उत्प्रेरणा जगाउने ।

(घ) श्रोत परिचालन सम्वन्धी जिम्मेवारी लिने ।

**महासचिव**

(क) अध्यक्षको परामर्श अनुसार कार्यसमितिको बैठक बोलाउने र बैठकको निर्णय पुस्तिका राख्ने ।

(ख) भएका निर्णयहरुको सदस्यहरुलाई सर्कुलर गर्ने ।

(ग) कार्यसमिति र महाधिवेशनमा आवश्यकता अनुसार प्रतिवेदन र कार्यक्रम पेश गर्ने ।

(घ) कार्यालयको दैनिक प्रशासनिक कार्यको रेखदेख गर्ने, सल्लाह दिने, कार्यक्रमको कार्यान्वयन, अनुगमन र मूल्यांकनको लागि कार्यसमितिमा पेश गर्ने गराउने ।

(ङ) कार्यसमितिले तोकेको अन्य काम गर्ने ।

**उपमहासचिव**

(क) महासचिवको अनुपस्थितमा महासचिवले गर्ने सम्पूर्ण कार्य गर्ने ।

(ख) कार्यसमितिले तोकेको काम गर्ने ।

**कोषाध्यक्ष**

(क) सञ्जालको हिसाब किताबको जिम्मेवारी लिने ।

(ख) आर्थिक प्रशासन सम्बन्धी जिम्मेवारी लिने ।

(ग) कार्यसमिति र महाधिवेशनमा संस्थाको वार्षिक आयव्यय विवरण, लेखापरीक्षण प्रतिवेदन र आगामी बर्षको बजेट पेश गर्ने ।

(घ) सञ्जालको कोष अभिवृद्धि हुने खालाका अन्य कार्य गर्ने ।

(ङ) वैंक खाता संचालन गर्ने ।

(च) कार्यसमितिले तोकेको अन्य कार्य गर्ने ।

(छ) प्रत्येक नियमित वैठकमा आर्थिक प्रतिवेदन पेश गर्ने ।

**सदस्य**
(क) कार्यसमितिको बैठकमा भाग लिने र छलफल गर्ने ।
(ख) सञ्जालको कार्य सञ्चालनमा उत्तरदायित्व बहन गर्ने ।
(ग) कार्य समितिको बैठकमा निणयार्थ मत दिने ।
(घ) कार्यसमिति वा महाधिवेशनले तोकेको अन्य कार्य गर्ने ।

**साधारण सदस्य** : सबै प्रकारका सदस्यहरुले यस सञ्जालको स्थापित मूल्यमान्यता र सिद्धान्तहरुको अधिनमा रही निम्न कार्य गर्नु पर्नेछ :
(क) सञ्जालको महाधिवेशनमा उपस्थित भै सक्रिय सहभागिता जनाउने ।
(ख) सञ्जालको उद्देश्य पूरा गर्न सहयोग पुऱ्याउन सक्ने सक्षम नेतृत्व चयन गर्ने ।
(ग) सञ्जालले आयोजना गर्ने कार्यक्रमहरुमा सक्रिय सहभागी हुने ।
(घ) सामुदायिक वन तथा समुदायमा आधारित वनको प्रवर्द्धनमा सक्रिय सहयोग गर्ने ।
(ङ) सञ्जालको प्रचार प्रसार गर्ने ।
(च) कुनै पनि संघ संस्थासँग व्यक्तिगत सम्पर्क समन्वय गरी कार्य सञ्चालनमा सहयोग पुऱ्याउने ।

३१. **राजिनामा** : अध्यक्षले उपाध्यक्ष मार्फत र अन्य पदाधिकारीहरुले अध्यक्ष मार्फत राजिनामा पेश गर्न सक्नेछन् । सो सम्वन्धी आवश्यक निर्णय गरी महाधिवेशनमा अनुमोदनका लागि पेश गर्नु पर्ने छ ।

*३१क. जिल्ला शाखा सम्वन्धि व्यवस्थाः कुनै एक जिल्लामा कम्तीमा १५ जना सदस्य भएमा जिल्ला शाखा गठन गर्न सकिनेछ । सो कार्यसमितमा कम्तीमा पनि ३ वटा संस्था वा निकायमा कार्यरत सञ्जालका सदस्यहरुको प्रतिनिधित्व हुन आवश्यक हुन्छ । जिल्ला शाखा वा जिल्ला स्तरिय संरचनाले स्थानिय अधिकारीको कार्यालयमा संस्था दर्ता गराउन समेत सक्नेछ वा यही विधानलाई पालाना गरि शाखाको हैसियतमा समेत रहन सक्नेछ । दर्ता गर्दा यस सञ्जालसँगको सम्वन्ध प्रस्टसँग विधानमा लेखिएको हुनु पर्नेछ ।*
*यस्तो अवस्थामा संस्थाको नाम देहाय वमोजिमको हुनेछ ।*

***समुदायमा आधारित वन सहजकर्ता सञ्जाल नेपाल, डोल्पा*** *(उदाहरणको लागि)*

***विधानमा राख्नै पर्ने प्रावधान***

***यो संस्था समुदायमा आधारित वन सहजकर्ता सञ्जाल, नेपालसँग आवद्ध रहेको छ*** *भन्ने प्रावधान राखिनु पर्दछ । जिल्ला शाखाले जिल्ला स्तरमा समन्वय गरि काम गर्नु पर्दछ ।*

## परिच्छेद – ६
## आर्थिक श्रोत सम्वन्धी व्यवस्था

३२. **कोष** : यस सञ्जालको सम्पूर्ण चल अचल सम्पत्ति रहेको एउटा कोष हुनेछ, जसको लेखा प्रचलित कानूनको ढाँचामा अद्यावधिक गरिनेछ ।

३३. **आर्थिक श्रोत** : संस्थाको आर्थिक श्रोत देहाय वमोजिम हुनेछ :
(क) सदस्यता शुल्क,
(ख) विभिन्न कार्यकम सचांलन गरी आय आर्जन गरेको रकम,
(ग) सञ्जालको उद्देश्यमा असर नपर्ने गरी वा उद्देश्य परिपुर्तिको लागि प्राप्त हुन आउने नगद वा दानदातव्य वा आर्थिक अनुदान,
(घ) अध्ययन अनुसन्धानको लागि प्रकाशन गरिएका सामग्रीहरु विक्रीबाट प्राप्त रकमहरू,
(ङ) अन्य विविध रकम,
(च) सञ्जालको कुनै कामको लागि वैदेशिक अनुदान लिने क्रममा त्यस्तो रकम लिनको लागि नेपाल सरकारको पूर्व स्विकृती लिनु पर्ने भएमा त्यस्तो पूर्व स्वीकृती लिईनेछ ।

३४. **कोषको संचालन** : दफा ३३ अनुसार प्राप्त रकम कार्य समितिले तोकेको बैंकमा खाता खोली जम्मा गरिने छ र बैंक खाताहरूको संचालन अध्यक्ष, महासचिव र कोषाध्यक्ष मध्ये कुनै २ जनाको संयुक्त दस्तखतबाट संचालन गरिनेछ तर कोषाध्यक्षको दस्तखत अनिवार्य हुनेछ । कोषको पारदर्शिता एवं सुचारुरुपले सञ्चालन गर्नको लागि कार्य समितिले छुट्टै विनियम वनाई लागु गर्न सक्नेछ । तर उक्त विनियम महाधिवेशनवाट अनुमोदन गराउनु पर्नेछ ।

३५. **लेखापरिक्षण** : यस सञ्जालको सम्पत्ति र आयव्ययको लेखा कार्यसमितिले तोकिए बमोजिम राख्नुपर्नेछ । प्रत्येक आर्थिक वर्ष समाप्त भएको बढीमा ३ महिना भित्र नेपाल सरकारद्धारा मान्यता प्राप्त लेखापरिक्षकद्धारा संस्थाको लेखापरिक्षण गराइ सो महाधिवेशनमा अनुमोदनको लागि पेश गरिनेछ । लेखापरिक्षणको प्रतिवेदन स्थानिय अधिकारी र अन्य सम्वन्धित निकायमा पठाईनेछ ।

## परिच्छेद – ७
## निर्वाचन

३६. **निर्वाचन सम्वन्धी व्यवस्था** : (१) निर्वाचनको लागि कार्यसमितिले एक निर्वाचन समितिको गठन गर्नेछ र सो समितिले नै निर्वाचन सम्वन्धी सम्पूर्ण नियमहरु यस विधानको अधिनमा रही तर्जुमा गर्नेछ ।

(२) निर्वाचन गर्नु गराउनु भन्दा कम्तिमा पनि ३० दिन अगाडी सबै सदस्यहरुलाई निर्वाचन सम्वन्धी सूचना र जानकारी दिनुपर्नेछ ।

(३) महधिवेशनमा हुने निर्वाचनमा प्रत्येक साधारण सदस्यहरुले एक व्यक्ति - एक मतको आधारमा गोप्य रुपमा मत प्रदान गर्ने अधिकार हुनेछ ।

(४) कार्यसमितिको निर्वाचन भएको कुरा यो संस्था दर्ता भएको ६ महिना भित्र स्थानिय अधिकारी समक्ष जानकारी दिइनेछ ।

(५) निर्वाचन समितिले निर्वाचन सम्वन्धी विषयमा गरेको निर्णय अन्तिम हुनेछ ।

(६) निर्वाचन समितिमा रहेका सञ्जालका सदस्यहरुले उम्मेदवार हुन र मत दिन पाउने छैनन् ।

(७) अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव र कोषाध्यक्ष पद मध्ये एउटै पदमा एउटै व्यक्ति लगातार २ पटक भन्दा वढि रहन पाइने छैन ।

(८) सल्लाहकार समितिले मतदान गर्न पाउने छैनन् ।

३७. **अविश्वासको प्रस्ताव** : कार्यसमितिका सदस्य तथा पदाधिकारीहरु माथि अविश्वासको प्रस्ताव ल्याउन कुल साधारण सदस्य संख्याको ३० प्रतिशत सदस्यहरुले सही गरी अध्यक्ष उपर भएमा उपाध्यक्ष समक्ष र अन्य पदाधिकारी उपर भए अध्यक्ष समक्ष लिखित प्रस्ताव पेश गर्नुपर्नेछ । जसका विरोधमा अविश्वासको प्रस्ताव ल्याइन्छ सो पदाधिकारी सदस्यलाई सफाइको मौका दिइनेछ । महाधिवेशनमा अविश्वासको पक्षमा उपस्थित संख्याको वहुमतले मत दिएमा अविश्वासको प्रस्ताव पारित भएको मानिनेछ । प्रस्ताव पारित भएमा त्यस्तो पदाधिकारी स्वतः पदबाट हट्नु पर्नेछ ।

## परिच्छेद – ८
## विविध

३८. **विधान संशोधन** : प्रचालित कानून र नेपाल सरकारको नीति निर्देशनको अधिनमा रही यो विधान संशोधन गर्न आवश्यक भएमा महाधिवेशनको दुई तिहाइ बहुमतले पारित गरी आवश्यकता अनुरुप संशोधन गर्न सकिनेछ । तर त्यस्तो संसोधित प्रावधान स्थानिय अधिकारीवाट स्विकृत गराउनु पर्नेछ ।

३९. **बरबुझारत** : पदाधिकारी र कर्मचारीले आफ्नो जिम्मामा रहेको नगद, जिन्सी तथा कागजातहरु आफूले अवकाश लिएको वढिमा ३५ दिनभित्र सम्वन्धित पदाधिकारीहरुलाई बुझाइ दोहोरो कागजात गर्नुपर्नेछ ।

४०. **नियम बनाउने** : कार्यसमितिले संस्था दर्ता ऐन २०३४ र सो ऐन अन्तर्गतको नियम र यस सञ्जालको विधानको अधिनमा रही सञ्जालको आन्तरिक कार्यविधि व्यवस्थित गर्न आवश्यक मूल्यमान्यता सहितको समझदारी पत्र, नियम, विनियम बनाई लागु गर्न सक्नेछ । यसरी तयार गरिने समझदारी पत्र, नियम, विनियम महाधिवेशनबाट अनुमोदन गराउनुपर्नेछ ।

४१. **सल्लाहकार समिति** : सञ्जाललाई कार्य सम्पादनमा सहयोग र सल्लाह प्रदान गर्न कार्यसमितिले आफ्नो अवधी सम्मको लागि ७ जनासम्मको सल्लाहकार समितिको गठन गर्नसक्नेछ । सल्लाहकार समितिलाई मताधिकार भने रहने छैन । महाधिवेशनले र कार्यसमितिले आवश्यकता अनुसार उपसमितिहरु गठन गरी काम कर्तव्य र अधिकार तोक्न सक्नेछ ।

४२. **निष्क्रियता तथा कानून वमोजिम हुने** : यस विधानमा लेखिएका कुरा प्रचलित कानुन सँग वाझिएमा वाझिएको हदसम्म स्वतः निस्कृय हुनेछ । यस संस्था दर्ता हुनु अगाडी गरिएका कार्यहरु पनि यस विधान अनुसार नै गरिएको मान्य हुनेछ । यस विधानमा लेखिएका कार्यहरु यस संस्थाले प्रचलित कानूनको मनसाय विपरित नहुने गरि नेपाल सरकारको नीति निर्देशनको परिधि भित्र रहेर गर्नेछ ।

४३. **व्याख्या** : यस विधानको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ ।

४४. **<u>सपथ ग्रहण</u>** : नव निर्वाचित कार्यसमितिको लागि सपथ ग्रहण निर्वाचन समितिको संयोजकवाट गरिनेछ तर मनोनित सदस्यहरुको हकमा भने कार्यसमितिको अध्यक्षवाट गरिनेछ । सपथ ग्रहण विधानको अनुसूचीमा उल्लेख गरे अनुसारको हुनेछ ।

४५. **<u>निर्देशनको पालना</u>** : कानून कार्यान्वयनको सिलसिलामा स्थानिय अधिकारीले समय समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

४६. **<u>संस्था विघटन</u>** : विधान अनुसार संस्था संचालन हुन नसके वा अन्य कुनै कारणवश संस्था विघटन हुन गएमा यसका सम्पूर्ण चल अचल सम्पति नेपाल सरकारमा सर्नेछ । *प्रचलित नीयम विपरित कार्य गरेमा खारेजी कारवाही गर्न सकिनेछ ।*

**(चिन्ह र छाप)**

संस्थाको प्रतिक चिन्ह | संस्थाको छाप (नेपालीमा) | संस्थाको छाप (अंग्रेजीमा)

**शपथ ग्रहण**

म .................यस सञ्जालको .................. पदमा निर्वाचित/मनोनित भएको हुँदा सामुदायिक वन *तथा समुदायमा आधारित वन*का प्रचलित मूल्य मान्यताप्रति विश्वस्त रही *समुदायमा आधारित* वनको प्रक्रिया बमोजिम उपभोक्ता समूहले गर्नुपर्ने सम्पूर्ण क्रियाकलापहरुमा सहयोग गर्न गराउन निरन्तर क्रियाशिल रहनेछु । म यस सञ्जालको पदाधिकारी एवं सदस्यको रुपमा रहँदासम्म यसको लक्ष्य एवं उद्धेश्य पूरा गर्नको लागि निर्धारित मूल्य मान्यता बमोजिम मन, बचन र कर्मले क्रियाशिल रही रहनेछु ।

——————— धन्यवाद ———————

**<u>संकेत</u>**

........................ पहिलो संशोधनवाट हटाएको

*इटालिक वा छट्के अक्षर* पहिलो संशोधनवाट थप वा संशोधन